कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्न इजाजतपत्रप्राप्त

# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.

# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था) (बागमती प्रदेशस्तरको कार्यक्षेत्र भएको)

**रजिष्टर्ड कार्यालय:** बनेपा-१३, काभ्रेपलाञ्चोक । फोन नं.: ०११–६६५६२६

Email: weannepal01@gmail.com | Website:www.weannepal.com

**को**

## थप सार्वजनिक निष्कासन (Further Public Offering) सम्बन्धी विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

यस विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल जारी पुँजी रु. ८,४३,४०,५५०/- र चुक्ता पुँजी रु.७,९२,११,३००/- रहेको तथा रु.५१,२९,२५०/- (अक्षरेपी एकाउन्न लाख उनन्तीस हजार दुई सय पचास मात्र) रकम बराबर प्रति कित्ता रु. १००/- अङ्कित मुल्यका ५१,२९२.५ (एकाउन्न हजार दुई सय बयानब्बे दशमलब पाँच) कित्ता साधारण शेयर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ९ बमोजिम स्वःपुँजी संरचनामा सर्वसाधारणको हिस्सा ३० प्रतिशत कायम गर्न सर्वसाधारणहरुमा थप सार्वजनिक निष्काशन गरिएको ।

**दरखास्त साथ प्रति शेयर रु. १०० को दरले शतप्रतिशत भुक्तानी माग गरिएको**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छः**

| विवरण | वास्तविक | | | पौष मसान्त २०८१ अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रति शेयर आम्दानी रु. | ०.०१ | (४.४४) | १.४५ | (३१.४७) | १५.०२ | २५.८१ | ३३.७८ |
| प्रति शेयर नेटवर्थ रु. | १०८.४४ | १०५.०८ | १०७.०० | ९१.२३ | ११७.७ | १४१.९९ | १७५.१८ |
| संचित नाफा नोक्सान (रु. हजारमा) | (१०,५१६) | (१९,६०३) | (१६,१४९) | (२८,६१३) | (३,४८३) | १३,४९५ | ३५,७१८ |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषणः**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ संख्या १३ दफा ग.५ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषणः**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लि.बाट इस्युअर रेटिङ्ग गराई सो को रेटिङ्ग मिति २०२५ मार्च २१ गते [CARE-NP B ( IS) {single B (Issuer)}] प्रमाणपत्र प्राप्त गरेको छ । जसले समयमै कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा बढि जोखिम रहेको (High risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैद्यता मिति २०२६ मार्च ०६ तारिख सम्म रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ । "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरुलाई जनाउँदछ । दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँदछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ण) पृष्ठ नं. ३६ मा उल्लेख गरिएको छ ।

*नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मितिः २०८१/१०/३०*
*कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०८१/१२/११*
*नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएका मितिः २०८१/११/१९*

*धितोपत्र निष्काशन खुला मितिः २०८१/१२/२१*
*धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा): २०८१/१२/२६*
*धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८२/०१/०४*

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

लेखनाथमार्ग, ठमेल, काठमाण्डौ,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: www.nsmbl.com.np

*नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.nsmbl.com.np निष्काशनकर्ता कम्पनीको Website: www.weannepal.com साथै, नेपाल धितोपत्र बोर्डको Website: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।*

## ख. विवरणपत्रको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु:

### (ख) १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा:

**क)** **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित तथा विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

**ख)** **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथ मार्ग, ठमेल, काठमाडौंलाई सम्झनु पर्दछ ।

**ग)** **"वित्तीय संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

**घ)** **"सङ्कलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने आस्वा प्रणालीमा सहभागी बैङ्क तथा वित्तीय संस्थाहरुलाई सम्झनु पर्दछ ।

**ङ)** **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट सङ्कलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंक वा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

**च)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

**छ)** **"संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन"** भन्नाले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

**ज)** **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

**झ)** **"वित्तीय विवरण"** भन्नाले सङ्गठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

**ञ)** **"लघुवित्त वित्तीय संस्था"** भन्नाले बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७६ को दफा ४९ को उपदफा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको सङ्गठित संस्था सम्झनु पर्छ ।

**ट)** **"खुद सम्पत्ति (नेट वर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ ।

**ठ)** **"प्रति शेयर आम्दानी"** भन्नाले विन नेपाल लघुवित्त वित्तीय संस्थाको खुद नाफालाई उक्त संस्थाको कायम शेयर संख्याले भाग गर्दा आउने भागफल सम्झनु पर्छ ।

**ड)** **"थप सार्वजनिक निष्काशन"** भन्नाले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले प्रारम्भिक सार्वजनिक निष्काशन गरेपश्चात पुन सर्वसाधारणलाई सार्वजनिक गर्ने कार्यलाई सम्झनु पर्छ ।

**ढ)** **"प्रिमियम मुल्य"** भन्नाले धितोपत्रको अङ्कित मुल्य भन्दा बढी मूल्य सम्झनु पर्छ ।

**ण)** **"नेटवर्थ प्रति शेयर"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम लाई हाल कायम कुल चुक्ता शेयर संख्याले भाग गर्दा आउने भागफल सम्झनु पर्छ ।

**त)** **"घ वर्गको लघुवित्त वित्तीय संस्था"** भन्नाले बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७६ को दफा ४९ को उपदफा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको सङ्गठित संस्था जसलाई नेपाल राष्ट्र बैंकले "घ" वर्गमा विभाजन गरिएको संस्था सम्झनु पर्छ ।

### ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान:

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौं वेवसाइटः www.nsmbl.com.np<br>फोन नं.–९७७-१-४५१२७४३,४५३५६७१,४५४१७८० |
| २. | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला वडा नं. १३, बनेपा www.weannepal.com |

साथै, निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटः www.nsmbl.com.np, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.weannepal.com र नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र डाउनलोड गरि अध्ययन गर्न सकिनेछ ।

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान: |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण आश्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरी (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिने छ । |

## ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:

हामीलाई निष्काशनकर्ता सङ्गठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस विन नेपाल लघुवित्त वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण:

**क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण:**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण:**

यस वित्तीय संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक वित्तीय संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता विन नेपाल लघुवित्त वित्तीय संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयम्ले बहन गर्नुपर्नेछ ।

**ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण:**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को थप सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै थप सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं । साथै, कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/१२/११ मा यस विन नेपाल लघुवित्त वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व.२०८०/८१ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व. सम्म यस संस्था अद्यावधिक रहेको जानकारी गराउँदछौं ।

**घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण:**

(१) यस लघुवित्त वित्तीय संस्थाका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस लघुवित्त वित्तीय संस्थाका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य सङ्गठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी सङ्कलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको सङ्गठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको सङ्गठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ग.३.संगठित संस्था सम्बन्धी जानकारी:

**ग.३. क. संगठित संस्थाको पृष्ठभूमि :**

**(अ) संस्थाको नाम:** विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड (Wean Nepal Laghubitta Bittiya Sanstha Limited)

**(आ) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:** यस विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७०/०८/१६ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार यस विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले २०७१/०४/२१ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७१/०८/०८ गते देखि लघुवित्त वित्तीय संस्थाको रुपमा आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ ।

साथै, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (चौथो संशोधन, २०७५) बमोजिम नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेडले विन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभ्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट मिति २०७८/०५/१५ गते तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/०६/१५ गते मर्जरका लागि स्वीकृति प्राप्त भई 'घ' वर्गको वित्तीय संस्थाको रुपमा एकीकृत कारोवार सञ्चालन गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम मिति २०७८/०७/१५ देखि एकीकृत कारोवार गर्दै आइरहेको छ ।

**(इ) संस्थाको रजिष्टर्ड ठेगाना:** यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बनेपा - १३, काभ्रेपलाञ्चोकमा रहेको छ ।

**(ई) कारोवार गर्ने मुख्य स्थानः** यस लघुवित्त वित्तीय संस्थाको कारोबार गर्ने मुख्य स्थान बनेपा नगरपालिका-१३, काभ्रेपालान्चोकमा रहेको छ । यस वित्तीय संस्थाको कार्यक्षेत्र बाग्मती प्रदेश स्तरीयमा मात्र रहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली लघुवित्त सम्बन्धि कारोबार गर्न सकिने छ । आश्विन मसान्त, २०८१ सम्ममा यस संस्थाको केन्द्रीय कार्यालय सहित २१ ओटा शाखा कार्यालयहरु निम्नानुसार रहेको छ ।

| क.सं. | शाखा कार्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | फटकशिला शाखा | मेलम्ची-१३, फटकशिला, सिन्धुपाल्चोक |
| २. | बेत्रावती शाखा | उत्तरगंगा-१३, बेत्रावती, रसुवा |
| ३. | ग्याल्थुम शाखा | हेलम्बु-०४, ग्याल्थुम, रसुवा |
| ४. | ईर्खु शाखा | साँगाचोकगढी-०५, चौतारा, सिन्धुपाल्चोक |
| ५. | ढिकुरे शाखा | लिखु-०१, ढिकुरे, नुवाकोट |
| ६. | जलविरे शाखा | बलेफि-०१, जलविरे, सिन्धुपाल्चोक |
| ७. | भोटेचौर शाखा | मेलम्ची-०१, सिन्धुपाल्चोक |
| ८. | रातमाटे शाखा | बेलकोटगढी-०७, रातमाटे, नुवाकोट |
| ९. | स्याफ्रुवेंशी शाखा | गोसाईकुण्ड-०५, स्याफ्रुवेंशी, रसुवा |
| १०. | भुम्लुटार शाखा | भुम्लु-०८, भुम्लुटार, काभ्रेपलाञ्चोक |
| ११. | तिनपिप्ले शाखा | पाँचखाल-०६, तिनपिप्ले, काभ्रेपलाञ्चोक |
| १२. | काभ्रेभञ्ज्याङ शाखा | धुलिखेल-०९, काभ्रेभञ्ज्याङ, काभ्रेपलाञ्चोक |
| १३. | मंगलटार शाखा | रोशी-०९, मंगलटार, काभ्रेपलाञ्चोक |
| १४. | भैंसेपाटी शाखा | बनेपा-१३, भैंसेपाटी, काभ्रेपलाञ्चोक |
| १५. | मेलम्ची शाखा | मेलम्ची-१०, मेलम्ची, सिन्धुपाल्चोक |
| १६. | महादेववेशी शाखा | धदिङ्गथाके-०६, महादेववेशी, धादिङ्ग |
| १७. | काठमाडौं शाखा | काठमाडौं-२९, अनामनगर, काठमाडौं |
| १८. | ललितपुर शाखा | ललितपुर-१०, कुपण्डोल, ललितपुर |
| १९. | भक्तपुर शाखा | भक्तपुर-०९, च्याम्हसिंह, भक्तपुर |
| २०. | रसुवा शाखा | गोसाईकुण्ड-०६, धुन्चे, रसुवा |
| २१. | गल्छी शाखा | गल्छी-०७, गल्छी, धादिङ्ग |

**(उ) सङ्गठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र सङ्गठित संस्थाको मुख्य उद्देश्यहरु :**

साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. र विन लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्नु/गाभिनु पूर्व साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७०/०८/१६ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा केन्द्रीय कार्यालय फटकशिला-८, सिन्धुपाल्चोक रहने गरी दर्ता भएको थियो । साविक नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड र विन लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने(मर्जर) पश्चात विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नाममा केन्द्रीय कार्यालय मेलम्ची-१३, सिन्धुपाल्चोक रहने गरी एकिकृत कारोवार सञ्चालन गर्दै आएको हो । सर्वसाधारणका लागि साधारण शेयरको प्राथमिक निष्काशन गरिसकेको यस लघुवित्त वित्तीय संस्थाको कार्यक्षेत्र प्रदेशस्तरीय (बागमती प्रदेश) रहेको छ भने यस संस्थाले बागमती प्रदेशका ८ वटा जिल्ला (सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, रसुवा, धादिङ, काठमाडौं, भक्तपुर, ललितपुर) मा कुल २१ वटा शाखाहरुमार्फत आफ्ना ग्राहक सदस्यहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

साथै, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजशन) सम्बन्धी विनियमावली २०७३ बमोजिम नेपाल राष्ट्र बैंकको पत्र संख्या: बैं.वि.सं.नि.वि./मर्जर/०७/०७८/७९ मिति २०७८/०५/१५ को पत्रबाट अन्तिम स्वीकृति प्राप्त भई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१५ को पत्रबाट कम्पनी गाभ्ने/गाभिने (मर्जर) साथै नाम परिवर्तन तथा पूँजी बृद्धि सहित स्वीकृति प्राप्त भई विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०७८/०७/१५ देखि एकिकृत कारोवार सुरु गरेको हो । नेपाल राष्ट्र बैंकबाट मिति २०७९/०९/०७ गते प्राप्त प.सं.बै.वि.नि.बि./लघुवित्त/विन नेपाल/०७९/०८० को पत्रबाट केन्द्रीय कार्यालय स्थानान्तरणको स्वीकृति पश्चात संस्थाको केन्द्रीय कार्यालय बनेपा-१३, काभ्रेपलाञ्चोकमा रही लघुवित्त कार्यक्रम सञ्चालन भइरहेको छ । त्यसैगरी संस्थाको मिति २०७८/०२/०२ गते सम्पन्न छैठौं वार्षिक साधारण सभाबाट साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड र विन लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा प्रस्ताव पारित गरी दुवै संस्थाको मुल्याङकनकर्ताबाट प्राप्त प्रतिवेदन (Due Diligence Assessment-DDA) को आधारमा कायम भएको शेयर स्वाप अनुपात १००:७५ अर्थात नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर विन लघुवित्त वित्तीय संस्था लिमिटेडको ७५ कित्ता शेयरको अनुपात कायम हुने गरि मर्जर प्रकृया सम्पन्न भई एकिकृत कारोबार गरी सञ्चालनमा रहेको छ ।

**साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेडको इतिहास :**

१) नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मितिः वि.सं. २०७०/०८/१६
२) नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मितिः वि.सं. २०७१/०४/२१
३) वित्तीय कारोवार सञ्चालन मितिः वि.सं. २०७१/०८/०८
४) एकिकृत वित्तीय कारोवार सञ्चालन मितिः वि.सं. २०७८/०८/०८
५) नेपाल धितोपत्र बोर्डबाट प्राथमिक निष्काशनको स्वीकृति प्राप्त मितिः वि.सं.२०७४/१२/२०
६) नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मितिः वि.सं. २०७४/१२/२१

७) कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः वि.सं २०७४/१२/२९
८) धितोपत्र निष्काशन खुला गरिएको मितिः वि.सं. २०७५/०१/१२
९) धितोपत्र निष्काशन बन्द गरिएको मितिः वि.सं २०७५/०१/१६
१०) धितोपत्र बाँडफाँड गरिएको मितिः वि.सं. २०७५/०१/२३
११) नेपाल स्टक एक्सचेञ्जमा धितोपत्र सूचिकरण भएको मितिः वि.सं. २०७५/०२/१७

**साविकको विन लघुवित्त वित्तीय संस्था लिमिटेडको इतिहास :**
१) नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मितिः वि.सं. २०७५/०३/०१
२) नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त मितिः वि.सं. २०७५/१०/१७
३) वित्तीय कारोवार सञ्चालन मितिः वि.सं. २०७५/१०/१७

यस संस्थाले गरिबी न्यूनीकरण गर्न वित्तीय पहूँच नभएका लक्षित विपन्न वर्गमा वित्तीय पहूँचको प्रभावकारी विस्तार र संस्थामा विद्यमान साधन-स्रोतको प्रभावकारी परिचालनबाट निष्कृय जनशक्तिलाई उत्पादनशील जनशक्तिमा रुपान्तरित गरि तोकिएको लक्षित उपलब्धि हासिल गर्ने लक्ष्य राखि कार्य गर्दै आइरहेको छ ।

यस लघुवित्त वित्तीय संस्थाको संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ ।

लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छः-

(१) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिष्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने ।
(२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्याउने ।
(३) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी न्यूनीकरणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।
(४) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र
(५) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**(ऊ) सङ्गठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा):** सो नभएको ।

**(ए) अन्य विवरणहरु:**

**(१) सङ्गठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु:**
लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुबाट निक्षेप सङ्कलन, कर्जा प्रवाह, रेमिट, भुक्तानी सेवा तथा वित्तीय मध्यस्थता सेवा रहेका छन् ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**
यस संस्था वित्तीय सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक वेववेस्ड सफ्टवेयर, वेवसाइट, मोबाइल एसएमएस, अनलाइन तथा मोबाइल भुक्तानी जस्ता प्रविधिहरु प्रयोग भएको । यस अतिरिक्त संस्थाले ग्राहक सदस्यहरुलाई प्रदान गर्ने सेवा सुविधा तथा सम्पूर्ण वित्तीय विवरणहरुको अभिलेखका लागि CBS (Core Banking System) प्रविधि प्रयोग गरेको छ भने सो को लागि सेवा प्रदायक संस्था युरानस टेक नेपाल प्रा.लि. सँग सेवा लिई कार्य गर्दै आएको छ ।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार:**
सो नभएको ।

**(४) सङ्गठित संस्थाले ओगटेको बजार क्षेत्र:**
बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापकहरुको दक्षताको आधारमा यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ । यस वित्तीय संस्थाले आ.व. २०८१/८२ को आश्विन मसान्तसम्म ८ जिल्लामा आफ्नो सेवा विस्तार गरी २१ वटा शाखा कार्यालयबाट ४५ वटा स्थानीय तह सम्म कुल १,१०३ केन्द्र संख्या बाट ३,४१५ समूह निर्माण गरी त्यस क्षेत्रका १२,१०१ सदस्यहरुलाई लघुवित्त कारोवारमा सरिक गराई आफ्नो सेवा प्रदान गर्दै आएको छ । सो अवधिमा वित्तीय संस्थाले वित्तीय कारोबार गरी लगानीमा रहेको रकम रु. ७२,७९,५२,१९०/-, बचत रकम रु. १५,९७,१२,९९०/- र पुँजी तथा जगेडाकोष रु.८,४७,५५,८६९/- बाट लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

समय सापेक्ष अनुसार लघुवित्तीय सेवाहरु (सदस्यहरुमा लघु कर्जा प्रवाह र लघु बचत सङ्कलन, बिमा र विप्रेषण सेवा आदि) को विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यवसाय विस्तार गर्ने योजना रहेको छ साथै यस संस्थाका सेवा सम्बन्धी योजना देहाय बमोजिम रहेका छन् :

- वित्तीय संस्थाका ऋणीहरुको हितलाई मध्यनजर गर्दै विभिन्न आय आर्जनका तालिम सञ्चालन गरिने छ ।
- वित्तीय संस्थाले आफ्नो परिकल्पना अनुसार कृषि क्षेत्रको उत्पादकत्व बढाउन विभिन्न संघसंस्थाहरुको सहकार्यमा कृषि सम्बन्धी प्रविधिहरुको खोजी गरी स्थानीयस्तरसम्म पुऱ्याउन पहल गरिने छ ।
- वित्तीय संस्थाले राष्ट्रिय आवश्यकता बमोजिम अन्य लघुवित्त संस्थाहरुसँग मर्जरमा जान सक्नेछ ।
- प्रबन्धपत्र तथा नियमावलीमा रहेका उद्देश्य बमोजिम थप कार्यहरु गर्दै जाने लक्ष्य रहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

लघुवित्त वित्तीय संस्थाले ८ जिल्लामा रहेका आफ्ना २१ शाखा कार्यालयहरुबाट हरेक बर्गका ग्राहकको आवश्यकता अनुरुप नै लघुवित्त सम्बन्धि सेवाहरु उपलब्ध गराउँदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ । साथै नेपाल राष्ट्र बैंकको इजाजत अनुरुप विभिन्न शाखा र उपशाखा विस्तार गर्दै विभिन्न वर्गका ग्राहकहरुलाई सेवाहरु प्रदान गराउँदै लैजाने यस संस्थाको सोच रहेको छ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**

बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापकहरुको दक्षताको आधारमा यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ । यस वित्तीय संस्थाले आ.व. २०८१/८२ को आश्विन मसान्तसम्म ८ जिल्लामा आफ्नो सेवा विस्तार गरी २१ वटा शाखा कार्यालयबाट ४५ वटा स्थानीय तह सम्म कुल १,१०३ केन्द्र संख्या बाट ३,४१५ समूह निर्माण गरी त्यस क्षेत्रका १२,१०१ सदस्यहरुलाई लघुवित्त कारोवारमा सरिक गराई आफ्नो सेवा प्रदान गर्दै आएको छ । सो अवधिमा वित्तीय संस्थाले वित्तीय कारोबार गरी लगानीमा रहेको कम रु. ७२,७९,५२,१९०/-, बचत रकम रु. १५,९७,१२,९९०/- र पुँजी तथा जगेडाकोष रु.८,४७,५५,८६९/- बाट लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** सो नभएको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

लघुवित्त सेवाको गुणस्तरियताको लागि ग्राहक सेवा विभाग स्थापना गरि सञ्चालनका साथै ग्राहक गुनासो सुनुवाई कक्षको समेत व्यवस्था गरिएकोछ। साथै संस्थाले आफ्ना ग्राहक सदस्यहरुलाई प्रदान गरेको सेवा सुविधाहरु, कार्यरत कर्मचारीहरुको बानी व्यबहार तथा संस्थासँग सम्बन्धित गुनासोहरु समाधान तथा रायहरु सङ्कलनका लागि समय समयमा गुनासो सुनुवाई सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरी प्राप्त गुनासोहरु तथा सुझावहरु सङ्कलन गरी केन्द्रिय कार्यालयबाट विश्लेषण गरी सोहीअनुरुप कार्य गर्ने गरेको छ ।

**(१०) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान, कार्यक्रम बिस्तार तथा विकास व्यबस्थापनलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि छुट्टै बिभागको व्यबस्था गरिएको छ । यसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने नयाँ सेवाहरुको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयाँ प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने सोच राखेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :** बैंक तथा वित्तीय संस्थामा तरलता अभावको कारणले व्याजदरमा बृद्धि तथा आर्थिक मन्दीको प्रभाब यस क्षेत्रमा समेत देखिएको कारण समग्र क्षेत्र प्रभावित भई देशको आर्थिक विकासमा नै असर परेको अवस्थामा यस संस्थाको समेत नियमित कारोवार प्रभावित भई नियमित रुपमा असुली हुने किस्ता असुली, कर्जा लगानी, सदस्यहरुको व्यवसाय समेत प्रभावित भएका कारण किस्ता असुलीमा समस्या भई भाखा नाघेको कर्जा वृद्धि भएकाले यसको प्रत्यक्ष असर समिक्षा अवधिको नाफामा परेको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच सङ्गठित संस्थाको स्थिति :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७०/०४/२१ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी बागमती प्रदेशस्तरीय कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७१/०८/०८ गते देखि बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ । वित्तीय संस्थाको हैसियतमा केवल करिब ९ वर्ष पुरानो लघुवित्त वित्तीय संस्था भए तापनि आफ्नो कार्य क्षेत्रमा सञ्चालित अन्य समान वित्तीय संस्थाहरु बीच यस वित्तीय संस्थाले आफ्नो स्थितिलाई मजबुत बनाउँदै लगेको छ । यस वित्तीय संस्थाले आ.व. २०८१/८२ को आश्विन मसान्तसम्म ८ जिल्लामा आफ्नो सेवा विस्तार गरी २१ वटा शाखा कार्यालयबाट ४५ वटा स्थानीय तह सम्म कुल १,१०३ केन्द्र संख्या बाट ३,४१५ समूह निर्माण गरी त्यस क्षेत्रका १२,१०१ सदस्यहरुलाई लघुवित्त कारोवारमा सरिक गराई आफ्नो सेवा प्रदान गर्दै आएको छ । सो अवधिमा वित्तीय संस्थाले वित्तीय कारोबार गरी लगानीमा रहेको रकम रु. ७२,७९,५२,१९०/-, बचत रकम रु. १५,९७,१२,९९०/- र पुँजी तथा जगेडाकोष रु.८,४७,५५,८६९/- बाट लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि सङ्गठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** सो नभएको ।

## ग.३. ख. सम्पत्तिको विवरण :

**(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:** वित्तीय संस्थाको आ.व. २०८०/८१ आषाढ मसान्तको सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ।

| विवरण | भवन | परिवहन | कार्यालय सामान | लीज होल्ड सम्पत्ति | अन्य (सफ्टवेयर) | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|---|---|---|
| १. परल मोल | | | | | | | |
| (क) गत वर्ष सम्मको मौज्दात | ३,९००,६४४ | ४,१२६,७०० | ७,५२३,०८१ | ३५८,४९० | १,१०४,०६८ | १७,०१२,९८४ | १६,६२०,३८३ |
| (ख) यस वर्षको थप | – | – | ३७२,२७९ | – | – | ३७२,२७९ | ३९२,६०१ |
| (ग) यस वर्ष पुर्नमुल्याङ्कन, पुर्नलेखन | – | – | – | – | – | – | – |
| (घ) यस वर्षको बिक्री | – | – | – | – | – | – | – |
| (ङ) यस वर्षको अपलेखन | – | – | – | – | – | – | – |
| **कुल** | **३,९००,६४४** | **४,१२६,७००** | **७,८९५,३६०** | **३५८,४९०** | **१,१०४,०६८** | **१७,३८५,२६३** | **१७,०१२,९८४** |
| **२. ह्रास कट्टी** | | | | | | | |
| (क) गत वर्षसम्मको | ३२५,१३४ | ३,००९,७५७ | ५,४३७,१५७ | ९७,६८८ | ७९२,८८७ | ९,६६२,६२३ | ८,२५२,७७२ |
| (ख) यस वर्षको | १७८,७७६ | २२३,३८९ | ५६८,१३९ | ६५,२०० | १६४,०९९ | १,१९९,६०३ | १,४०९,८५१ |
| (ग) ह्रास कट्टी पुर्नमुल्याङ्कन/पुर्नलेखन | – | – | – | – | – | – | – |
| (घ) ह्रास कट्टी रकम समायोजन/फिर्ता | – | – | – | – | – | – | – |
| **कुल ह्रास कट्टी** | **५०३,९०९** | **३,२३३,१४६** | **६,००५,२९७** | **१६२,८८९** | **९५६,९८५** | **१०,८६२,२२५** | **९,६६२,६२३** |
| **३. बूक भ्यालु (WDV*) (१-२)** | **३,३९६,७३५** | **८९३,५५४** | **१,८९०,०६३** | **१९५,६०१** | **१४७,०८३** | **६,५२३,०३७** | **७,३५०,३६१** |
| ४. जग्गा | ६४,३५,१४० | – | – | – | – | – | – |
| ५.पूँजीगत निर्माण (पूँजीकरण गरिनुपर्ने) | – | – | – | – | – | – | – |
| **जम्मा** | **९,८३१,८७५** | **८९३,५५४** | **१,८९०,०६३** | **९५,६०१** | **१४७,०८३** | **१२,९५८,१७७** | **१३,७८५,५०१** |

माथि उल्लेखित सम्पत्तिहरु चालु अवस्थामा रहेका तथा अन्य सम्पत्तिहरु वित्तीय संस्थाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका छन्।

(आ) **बुँदा (अ) मा उल्लेखित सम्पत्ति सङ्गठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :**

| **शाखा** | **सम्झौता शुरु मिति** | **सम्झौता समाप्ति मिति** | **बार्षिक बहाल रकम रु. (२०७९/०८०)** |
|---|---|---|---|
| फटकशिला शाखा | २०७९/०१/०१ | २०८४/०१/०१ | ४,२०,०००/- |
| बेत्रावती शाखा | २०७८/०१/०१ | २०८३/०१/०१ | १,९८,०००/- |
| ग्याल्थुम शाखा | २०८०/०४/०१ | २०८४/०४/०१ | १,२०,०००/- |
| ईर्खु शाखा | २०७९/०६/०१ | २०८४/०६/०१ | २,०२,६२५/- |
| ढिकुरे शाखा | २०७८/०४/०१ | २०८३/०४/०१ | १,५०,७४४/- |
| जलविरे शाखा | २०८०/०४/०१ | २०८५/०४/०१ | १,२२,६८८/- |
| भोटेचौर शाखा | २०८१/०४/०१ | २०८५/०३/३१ | १,३९,३३२/- |
| रातमाटे शाखा | २०७९/०४/०१ | २०८४/०४/०१ | १,४४,०००/- |
| स्याफ्रुवेशी शाखा | २०८०/०२/०१ | २०८५/०२/०१ | २,१६,०००/- |
| भुम्लुटार शाखा | २०८०/०८/०१ | २०८६/०७/३१ | १,३२,०००/- |
| तिनपिप्ले शाखा | २०७८/०७/०१ | २०८३/०७/०१ | १,५४,८००/- |
| काभ्रेभञ्ज्याङ शाखा | २०८०/०९/०१ | २०८६/०९/०१ | १,५६,४४०/- |
| मंगलटार शाखा | २०७७/१०/०१ | २०८७/१०/०१ | १,४०,०००/- |
| भैंसेपाटी शाखा | २०८०/०६/०१ | २०८१/११/०१ | १,९९,९९८/- |
| मेलम्ची शाखा | २०७८/०६/०१ | २०८०/०६/०१ | १,५६,०००/- |
| महादेववेशी शाखा | २०८१/०४/१५ | २०८५/०४/१४ | १,६१,३४०/- |
| ललितपुर शाखा | २०७९/१०/२९ | २०८१/१०/२९ | २,७७,७८६/- |
| भक्तपुर शाखा | २०८०/०४/०१ | २०८४/०३/३२ | १,२८,५१३/- |
| रसुवा शाखा | २०७९/०९/१६ | २०८१/०९/१६ | १,४८,३३३/- |
| गल्छी शाखा | २०७८/०८/०१ | २०८३/०८/०१ | २,६६,६६६/- |

(इ) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः** सो नभएको ।

(ई) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरणः**
लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ ।

(उ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरणः**
परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तीलाई सम्पत्तीको रुपमा राखिएको छ र सोको पुनर्मूल्याङ्कन गरिएको छैन ।

## ग.३.ग. भावी योजना तथा रणनीति :

(अ) **व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

| **क्र.सं.** | **व्यवसाय/सेवा बृद्धिका लागि संस्थाको भावी योजना** | **योजना प्राप्तिका लागि चालिने समयबद्ध रणनीति** |
|---|---|---|
| १. | सर्वसाधारणहरुमा थप सार्वजनिक निष्काशन गर्ने । | आर्थिक वर्ष २०८१/८२ मा जारी गर्ने । |
| २. | संस्थाको नीति, कार्यक्रम र बजेट बमोजिमको कर्जा लगानी तथा बचत परिचालन गर्ने । | प्रत्येक कर्मचारीहरुलाई तोकिएको लक्ष्य र मासिक समाप्ति पश्चात लक्ष्य हासिल गरिएको नगरिएको वारेमा शाखामा छलफल समिक्षा गर्ने । लक्ष्य प्राप्तिलाई प्राथमिकता दिई मासिक रुपमा कार्य सम्पादन गर्ने । |
| ३. | कार्यक्रमको सेवा वृद्धी गर्ने । | शाखा कार्यलयहरुमा सदस्य, बचत तथा कर्जा लगानीमा वृद्धि गर्ने गरी मासिक लक्ष्य सहित कार्यक्रम विस्तार गर्ने । |
| ४. | व्यवसायीक कारोवारलाई विस्तार गर्न डिजिटल बैंकिङ्ग प्रविधिको उपभोग गर्ने । | सदस्यलाई प्रदान गरिने कर्जा कारोवारलाई सफ्टवेयर मार्फत Credit Appraisal ढाँचा लागु गर्ने तथा सदस्यलाई SMS/Mobile बैंकिङ्ग सेवा शुरु गर्ने तयारी र सूचना प्रविधि मार्फत थप सेवा विस्तार गर्ने । |
| ५. | ऋणी अनुपात वृद्धि गरी सदस्य उद्यमशीलता विकास गर्ने तथा कर्जा सदुपयोगिता प्रभावकारी बनाउने । | स्थानिय स्तरका सरकारी तथा अन्य संघ संस्थाहरुसँगको समन्वयमा सदस्यहरुलाई उद्यमशीलता विकासमा सहभागी गराउने, विभिन्न सिप मुलक तालिम प्रदान गर्ने र शाखागत रुपमा वार्षिक कम्तिमा एउटा कार्यक्रम सञ्चालन गर्ने । |
| ६. | वित्तीय स्रोत परिचालन सदस्यमुखी बचत वृद्धिको योजना तथा बाह्य कर्जा सापटीको निर्भरतामा कमी ल्याउने । | शाखागत रुपमा बचतकर्तालाई विविध किसिमका बचत कार्यक्रममा सहभागी गराउन मासिक रुपमा सञ्चालन हुने केन्द्र/समूह बैठक मार्फत सूचित गरी वित्तीय साक्षरता कार्यक्रममा प्राथमिकता दिने आन्तरिक श्रोत परिचालन वृद्धि भए अनुरुप बाह्य बैंक तथा वित्तीय संस्थासँगको कर्जा सापटी रकम क्रमशः भुक्तानी गर्दै जाने । |
| ७. | मर्जर र प्राप्ती | उपयुक्त संस्था खोजी मर्जर तथा प्राप्ति गर्ने । |
| ८. | कर्जाको गुणस्तर वृद्धि ल्याउने तथा निष्क्रिय कर्जा व्यवस्थापनमा केन्द्रित हुने । | लगानी गरेको कर्जा जोखिमलाई न्युनीकरण गर्न कर्जा विश्लेषण, परियोजना बमोजिम लगानी, सदुपयोगीता निरीक्षणलाई महत्वका साथ लागु गर्ने र निष्क्रिय कर्जा असुलीका लागि मासिक रुपमा शाखा कार्यालयबाट कार्ययोजना बनाइ लागु गर्ने । केन्द्रीय कार्यालय मातहत असुली विभागले निष्क्रिय कर्जा व्यवस्थापनका लागि कम्तीमा मासिक रुपमा समीक्षा गरी कर्जा गुणस्तरका लागि कर्मचारी क्षमता अभिवृद्धि र सदस्य संरक्षण कार्यक्रमका लागि सहजीकरण गर्ने । |

| | | |
|---|---|---|
| ९. | सदस्य संरक्षणका कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्ने। | सदस्यहरुलाई वित्तीय साक्षरता कार्यक्रम, प्राकृतिक विपत्तीमा परेका तथा दिर्घरोग लागेका सदस्यलाई राहत रकम वितरण गर्ने कार्यक्रमलाई घटनाजन्य अवस्थाका आधारमा दिने । बीमा कम्पनीसँगको सहकार्यमा क्षतिपूर्ति वितरण गर्ने । शाखा कार्यालयले समूह बैठक मार्फत गर्ने कार्यक्रमलाई मासिक रुपमा तथा अन्य कार्यक्रमलाई वार्षिक रुपमा सञ्चालन गर्ने गरी व्यवस्थित गरिने । |
| १०. | वित्तीय साक्षरता कार्यक्रम । | संस्थाले वर्षको १ पटक शाखागत रुपमा सदस्य तथा अभिभावक भेला गरी वित्तीय साक्षरता कार्यक्रम गर्ने । |
| ११. | गुनासो सुन्ने व्यवस्था | सदस्यहरुको गुनासो सुन्नका लागी कार्यालयमा गुनासो पेटिका राख्ने, केन्द्र बैठकमा आएका गुनासोहरुको टिपोट गर्ने, लिखित तथा मौखिक रुपमा गुनासो सुन्ने व्यवस्था मिलाई सो गुनासोहरु उचित सम्बोधनका लागी गुनासो सुन्ने अधिकारी समक्ष पेश गर्ने । |
| १२. | संस्थागत सुशासन | संस्थागत सुशासन, आन्तरिक नियन्त्रण तथा प्रशासकिय सुदृढिकरणमा विशेष जोड दिने । |
| १३. | पुंजी विस्तार योजना | क्रमश संस्थाको मुनाफाबाट बोनश शेयर जारी गर्दै तथा मर्जर/प्राप्ति गरी संस्थाको पुंजी विस्तार गर्ने योजना रहेको छ । |

लघुवित्त क्षेत्रको प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, लघुवित्त संस्थाले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम, देशको राजनैतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको वित्तीय नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, पुँजीको लागत तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, पुँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विश्लेषण गरी उक्त जोखिमहरु न्यूनीकरण गर्दै जाने रणनीति वित्तीय संस्थाले लिएको छ ।

**(आ) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा सङ्गठित संस्थाको व्यवसायको भविष्य:**

हाल देशको वित्तीय वातावरण अत्यन्त प्रतिष्पर्धात्मक छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ । विगतको छोटो अवधिमानै धेरै लघुवित्त सेवा प्रदायक संस्थाहरु स्थापना भई संचालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एकातर्फ देशको बैंकिङ्ग वातावरण बढी प्रतिष्पर्धात्मक हुने देखिन्छ भने अर्को तर्फ विगत केहि समययता देखा परेका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केहि चिन्तित हुनुपर्ने स्थिति समेत रहेको छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई केही हद सम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको यस वित्तीय संस्थाको परिस्थितिलाई मूल्याङ्कन गर्दा वित्तीय संस्थाको अवस्था सन्तोषजनक देखिन्छ। तसर्थ देशको वित्तीय व्यवसाय बीचको प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र हालसम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाइरहेको आधारमा यस वित्तीय संस्थाले ग्राहकमैत्री सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध स्रोत र साधनको उपयुक्त परिचालन गरी सन्तोषजनक उपलब्धी हासिल गरेको छ। साथै वर्तमान आर्थिक, राजनैतिक र बैंकिङ्ग प्रतिष्पर्धा बीच सफलताका साथ अगाडि बढ्न वित्तीय संस्थाले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा बैंक नभएका अर्ध सरकारी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्वन गरेर अगाडि बढिरहेका छ। यस वित्तीय संस्थाका सञ्चालक समिति लगायत उच्च व्यवस्थापन समिति तथा पदाधिकारीहरुमा लामो समयको बैंकिङ्ग तथा लघुवित्तको अनुभव रहेकोले अन्य प्रतिष्पर्धीभन्दा पृथक किसिमले सहज तरिकाले सञ्चालन गर्न सक्ने क्षमता रहेको छ। त्यस कारण विद्यमान उपलब्धीहरु एवम् प्रस्तुत भावी योजनाहरुका आधारमा यस वित्तीय संस्थाको भविष्य सुदृढ हुने देखिन्छ। यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ को आश्विन मसान्त सम्मको विद्यमान संस्थागत स्थिति निम्न बमोजिम रहेको छ।

| क्र.सं. | विवरण | आ.व. ०८१/०८२ आश्विन मसान्त (अपरिष्कृत) |
|---|---|---|
| १ | कार्यक्षेत्र | बागमती प्रदेश |
| २ | सेवा पुगेको जिल्ला | ८ |
| ३ | केन्द्रिय कार्यालय | १ |
| ४ | शाखा कार्यालय | २१ |
| ५ | सेवा पुगेको स्थानीय तह संख्या | ४५ |
| ६ | कुल केन्द्र संख्या | १,१०३ |
| ७ | कुल समूह संख्या | ३,४१५ |
| ८ | कुल सदस्य संख्या | १२,१०१ |
| ९ | लगानीमा रहिरहेको कर्जा | रु.७२,७९,५२,१९०/- |
| १० | कुल निक्षेप सङ्कलन | रु.१५,९७,१२,९९०/- |
| ११ | चुक्ता पुँजी | रु.७,९२,११,३००/- |

## ग.३. घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक* | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल बढीमा ४ (चार) वर्षको हुनेछ ।

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

*श्री पवन राज मास्केको मिति २०८१/०८/१३ गतेदेखि लागु हुनेगरी पदावधि सकिए पश्चात स्वतन्त्र सञ्चालकको पद रिक्त रहेको ।

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी:

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण:**

- **अधिकृत पूँजी:** यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु. १५,००,००,०००/- (अक्षरेपी पन्ध्र करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले १५,००,०००/- (पन्ध्र लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी:** यस लघुवित्त वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ८,४३,४०,५५०/- (अक्षरेपी आठ करोड त्रिचालिस लाख चालिस हजार पाँच सय पचास मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले ८,४३,४०५.५ (आठ लाख त्रिचालिस हजार चार सय पाँच दशमलब पाँच) थान शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी:** यस लघुवित्त वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु. ७,९२,११,३००/- (अक्षरेपी सात करोड बयानब्बे लाख एघार हजार तीन सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले ७,९२,११३ (सात लाख बयानब्बे हजार एक सय तेह्र) थान शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत थप सार्वजनिक निष्काशन गरी सर्वसाधारण शेयरको बाँडफाँड गरे पश्चात संस्थाको चुक्ता पूँजी रु. ८,४३,४०,५५०/- (अक्षरेपी आठ करोड त्रिचालिस लाख चालिस हजार पाँच सय पचास मात्र) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| क्र.सं. | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कम्पनी रजिष्ट्रारको कार्यलयबाट प्रमाणित मिति |
|---|---|---|---|---|---|
| १. | २०७३/०७४ | ५,००,००,००० | ३,००,००,००० | २,१०,००,००० | २०७३/०८/१९ |
| २. | २०७४/०७५ | १०,००,००,००० | ६,००,००,००० | ४,२०,००,००० | २०७४/०४/२० |
| ३. | २०७६/०७७ | १०,००,००,००० | ६,००,००,००० | ६,००,००,००० | २०७६/०७/२२ |
| ४. | २०७७/०७८ | १०,००,००,००० | ६,१५,००,००० | ६,१५,००,००० | २०७७/१०/१२ |
| ५. | २०७८/०७९ | १५,००,००,००० | ७,७१,३७,५०० | ७,७१,३७,५०० | २०७८/०६/१५ |
| ६. | २०७९/०८० | १५,००,००,००० | ८,४३,४०,५५० | ८,४३,४०,५५० | २०७९/१०/१७ |

**(ख) थप सार्वजनिक निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप ) :**

**थप सार्वजनिक निष्काशन पूर्व कम्पनीको शेयर पूँजीको संरचना :**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ५,९०,३८४ | ७४.५३% | ५,९०,३८,४०० | शत्प्रतिशत् |
| ख | सर्वसाधारण शेयरधनीहरु | २०१,७२९ | २५.४७% | २,०१,७२,९०० | शत्प्रतिशत् |
| | जम्मा | ७,९२,११३ | १०० प्रतिशत | ७,९२,११,३०० | |

**थप साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ५,९०,३८४ | ७० प्रतिशत | ५,९०,३८,४०० | शत्प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | २५३,०२१.५० | ३० प्रतिशत | २५,३०२,१५० | शत्प्रतिशत माग गरिएको |
| | जम्मा | ८४३,४०५.५० | १०० प्रतिशत | ८४,३४०,५५० | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्):** शेयर प्रिमियम खातामा रकम नरहेको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### ग.५.क.संस्थापक/सञ्चालकको पृष्ठभूमि :

**(१) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीहरुको विवरण:**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगान | शेयर संख्या | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री सिंहबहादुर कर्माचार्य | संस्थापक | ६८ | नेपाली | का.जि.का.म.न.पा. १४ | ४२,५८४ | साक्षर | जैविक मल कारखाना, घर जग्गा व्यवसायमा संलग्न, |

**सञ्चालकहरुको विवरण:**

| क्र.सं. | नाम, ठेगाना | पद | राष्ट्रियता | शेयर स्वमित्व शेयर कित्ता | योग्यता | अनुभव (पूर्व र हाल) | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|
| १ | श्री मदन गोपाल श्रेष्ठ, जोरपाटी, काठमाडौं । | अध्यक्ष | नेपाली | २८,४५७ | विद्यावारिधि | - यस वित्तीय संस्थामा अध्यक्ष पदमा रही ९ बर्षको कार्य अनुभव । | - सहप्राध्यापक - पद्मकन्या बहुमुखी क्याम्पस - सन् १९९७ देखि सन् २०२४ सम्म । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | श्री कुमार राज जोशी, बानेश्वर १०, काठमाडौं । | संचालक | नेपाली | २,२४१ | स्नात्तकोत्तर | - यस वित्तीय संस्थामा संचालक पदमा रही ९ वर्ष कार्य अनुभव । | - कानुन व्यवसायी (अधिबक्ता)-सन् १९९० देखि हालसम्म, - काठमाडौं जिल्ला अदालत बार एशोसिएसन मा सन् १९९९ देखि २००१ सम्म कार्यकारी सदस्यको रुपमा क्रियाशिल रहेको । |
| ३ | श्री सुकुमान डंगोल, विदुर ३, नुवाकोट । | संचालक | नेपाली | ४,४८३ | स्नातकोत्तर | - यस वित्तीय संस्थामा संचालक पदमा रही ९ वर्ष को कार्य अनुभव, | - कल्याणकारी बिद्या मन्दिर को संस्थापक तथा वि.सं. २०५९ देखि २०६४ सम्म प्रधानाध्यापकको रुपमा कार्य अनुभब रहेको, - नुवाकोट चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रिजको सल्लाहकारको रुपमा रहेको, - नुवाकोट बहुमुखी क्याम्पस, रिसर्च एण्ड डेभलपमेन्ट कमिटि को संयोजकको रुपमा कार्यानुभव, - विभिन्न शिक्षण संस्थामा अध्यापकको रुपमा कार्य गरेको । |
| ४ | श्री रमादेवी श्रेष्ठ, कालिमाटि १३, काठमाडौं । | संचालक | नेपाली | ७,३८० | वि.कम | - यस वित्तीय संस्थामा संचालक पदमा रही ४ वर्ष कार्य अनुभव, | - समाजसेवी - आजिवन सदस्य - महिला उद्यमशिल संगठन नेपाल - सन् १९९९ देखि । - नेपाल डेरी एशोसिएसनको सदस्यको रुपमा रहेको । |
| ५. | श्री एन्जिला न्यौपाने, रामेछाप ३, बवियाखर्क । | संचालक | नेपाली | १०० | स्नातक | - यस वित्तीय संस्थामा संचालक पदमा रही ४ वर्ष कार्य अनुभव । | - अध्यक्ष - नानु फाउन्डेसन सन् २०११ देखि हाल सम्म, - समाजसेवी |
| ६. | श्री राजु के.सी, नयाँ बानेश्वर, काठमाडौं । | संचालक | नेपाली | १०० | स्नातकोत्तर | - यस वित्तीय संस्थामा संचालक पदमा रही १ वर्ष कार्य अनुभव । | - उपप्राध्यापक - पद्मकन्या बहुमुखी क्याम्पस - सन् १९९७ देखि हालसम्म । |

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण** (Profile) **र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)**: सो नभएको ।

**(३) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना:**

| | | |
|---|---|---|
| १. | श्री राजु के.सी | उपप्राध्यापक- पध्मकन्या क्याम्पस, बागबजार, काठमाडौं । |

कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको ।

**(४) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण:**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई विक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाइने छैन ।

ग) वित्तीय संस्थाले कारोवार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नुपर्दा नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुपर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोवार संचालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरीद बिक्री गर्न सकिनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर सञ्चालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

ङ)	सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

च)	वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्षरुपले संलग्न व्यक्तिले त्यस्तो पदमा वाहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म लघुवित्तवित्तीय संस्था वा यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरीद बिक्री गर्न गराउन गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेन देन गर्नु हुँदैन । तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन ।

छ)	कसैले खण्ड (च) विपरित काम गरेमा त्यस्तो शेयर वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट विक्री बितरण गर्न सक्नेछ ।

ज)	शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ र धितोपत्र कारोवार सम्वन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## ग.५.ख. संस्थापक/सञ्चालकसँगको कारोवार :

**(अ) सङ्गठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत बैंकले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण:** लघुवित्त वित्तीय संस्थाको सञ्चालकहरुले सञ्चालक समितिको बैठक भत्ता बाहेक अन्य कुनैपनि संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा लघुवित्त वित्तीय संस्थाले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैन ।

**(आ) बुँदा (अ) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका:** सो नभएको ।

## ग.६. सीमित दायित्व सम्बन्धी विवरण:

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दाायित्व सीमित छ । यस लघुवित्त वित्तीय संस्थाका शेयरवालाहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

## ग.७. सङ्गठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

**क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:**

**(अ) सङ्गठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा सङ्गठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण :**

| क्र. सं. | कर्मचारीको नाम, थर | पद | नियुक्ति मिति | योग्यता | अनुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण लघुवित्त वित्तीय संस्थाले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा लघुवित्त वित्तीय संस्थाको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ। साथै यस विवरणपत्र अनुसार निष्काशन गरिएको साधारण शेयरको थप सार्वजनिक निष्काशनमा खरीदका लागि आवेदन गरि शेयर बाँडफाँड भए पश्चात कायम शेयरधनीहरुले कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्न पाउनेछ। साथै यस विवरण पत्र मार्फत जारी गरिएको शेयर बाँडफाँडमा पर्ने लगानिकर्ताहरुले आर्थिक वर्ष २०८१/८२ को नाफावाट संस्थाले शेयरधनिहरुलाई प्रदान गर्ने कुनै पनि प्रकारको लाभांस (बोनश शेयर, नगद लाभांस) कुनै प्रकारको हकप्रद शेयर प्रदान गरे सो समेत प्राप्त गर्ने।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरणः**

अ) वित्तीय संस्थाको प्रवन्ध–पत्र तथा नियमावली वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रे जिल्ला बनेपा वडा नं १३, काभ्रेपलाञ्चोकमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथ मार्ग, ठमेल, काठमाडौं मा कार्यालय समय भित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ।

आ) प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। १० (दश) कित्ता भन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम १,००० (एक हजार) कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन्। यस विवरण पत्रमार्फत निष्काशन गरिएको साधारण शेयरका लागि आवेदन दिंदा आफुले खरीद गर्न चाहेको शेयर वापत प्रति शेयरको अंकित रु. १००/- (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ।

**(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :**

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्न बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।

ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)

ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)

च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ ।

१५. शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१६. रु. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (प्यान) दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

## ग. ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

वित्तीय संस्था र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण:

क. **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति:** सो नभएको ।

ख. **आधारभूत शेयरधनी:** सो नभएको ।

ग. **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य:** सो नभएको ।

घ. **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था:** सो नभएको ।

ङ. **संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा:** सो नभएको ।

च. **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि विवरण:** सो नभएको ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण:

सो नभएको ।

## ग.१३. सूचीकृत सङ्गठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :

**क. सङ्गठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :**

| आर्थिक वर्ष | त्रैमासिक अवधि | उच्चतम बजार मूल्य | न्यूनतम बजार मूल्य | अन्तिम बजार मूल्य | कारोबार भएको शेयर संख्या |
|---|---|---|---|---|---|
| २०८०/८१ | प्रथम | ९०३ | ६८७१ | ७०५ | १४,७७८ |
| | दोस्रो | ९१२ | ६८० | ८७५ | २२,४९५ |
| | तेस्रो | १,६७९ | ७४५ | १,३६१ | ११०,८५१ |
| | चौथो | १,६३८ | १,२१२ | १,५२१ | १७०,२९७ |
| २०७९/८० | प्रथम | ११४२ | ८५० | ९०० | ३३,१६६ |
| | दोस्रो | ११५८ | ८५५ | १०८४ | ३०,७२६ |
| | तेस्रो | ११३० | ६९४ | ७३० | १३,९०५ |
| | चौथो | ९३६ | ७१९ | ८०५ | १७,२०८ |
| २०७८/७९ | तेस्रो | २०९० | ८३१ | १३१५ | ८२,३७० |
| | चौथो | १३४१ | ८५५ | ९३३ | २५,०२७ |

***नोट:*** *यस लघुवित्त वित्तीय संस्था लिमिटेडको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिनेछ ।*

**ख. बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :**

| महिना | उच्चतम शेयर मूल्य | न्यूनतम बजार मूल्य | अन्तिम बजार मूल्य | कारोबार भएको शेयर संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| श्रावण २०८१ | १,७०० | १,४३१ | १,४९० | ५९,२२१ | २२ |
| भाद्र २०८१ | २,९०८ | १,४५७ | २,६६० | १५८,३५४ | १९ |
| आश्विन २०८१ | ३,५०० | २,३८५ | २,७३० | १२६,०१७ | १६ |
| कार्तिक २०८१ | २,९७९ | २,५०० | २,६३८ | ७५,०३२ | १७ |
| मंसिर २०८१ | १,६०६ | १,१७० | १,२२९ | ८५७,३५३ | १९ |
| पौष २०८१ | ३,०७०।९० | २,४८७।३० | २,८१२ | ५१,७३३ | १९ |
| माघ २०८१ | ३,३२८ | २,६०५ | २,६३९ | १,१७,६५१ | २१ |

***नोट:*** *यस लघुवित्त वित्तीय संस्था लिमिटेडको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिनेछ ।*

## ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**सङ्गठित संस्थाले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

यस लघुवित्त वित्तीय संस्थाबाट यस भन्दा अगाडी मिति २०७५/०१/१३ मा सर्वसाधारणलाई साधारण शेयरको प्राथमिक निष्काशनको बाँडफाँड सम्पन्न गरेको र सो शेयर जारी गर्दा यस लघुवित्त वित्तीय संस्थाले तयार गरेको विवरणपत्र तथा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु हासिल भएको यद्यपी प्रक्षेपित खुद मुनाफा भन्दा बास्तविक बीस प्रतिशत भन्दा बढीले फरक पर्न गएको हुँदा यसरी फरक पर्नुको कारण सहित तुलनात्मक रुपमा तल तालिकामा प्रस्तुत गरिएकोछ ।

| **पूँजी तथा दायित्व** | **प्रक्षेपित (रु.हजारमा)** | **वास्तविक (रु.हजारमा)** | **फरक प्रतिशतमा** | **कैफियत** |
|---|---|---|---|---|
| | २०७४/७५ | २०७४/७५ | | |
| शेयर पूँजी | ६०,००० | ६०,००० | ०% | |
| जगेडा तथा कोषहरु | ९,०९७ | १,८६१ | -८०% | अपेक्षित अनुसारको नाफा हासिल नभएकोले जगेडा कोषमा असर गरेको |
| ऋणपत्र तथा बण्ड | - | - | | |
| तिर्न बाँकी कर्जा सापट | १९९,७३१ | २१०,४०२ | ५% | |
| निक्षेप दायित्व | ४२,०३४ | ४७,२४३ | १२% | |
| भुक्तानी दिनपर्ने बिलहरु | - | - | | |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | ३,१२० | | |
| आयकर दायित्व | - | - | | |
| अन्य दायित्व | ५,६२९ | ९,२८७ | ६५% | |
| **जम्मा पूँजी तथा दायित्व** | **३१६,४९१** | **३३१,९१४** | **५%** | |
| **सम्पत्ति** | **प्रक्षेपित (रु.हजारमा)** | **वास्तविक (रु.हजारमा)** | **फरक प्रतिशतमा** | **कैफियत** |
| | २०७४/७५ | २०७४/७५ | | |
| नगद मौज्दात | ७१० | १,८४९ | १६०% | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ३१,९०० | २२,४८९ | -३०% | नियामकिय मापदण्ड अनुसार कायम गरिएको |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | | |
| लगानी | - | - | | |
| कर्जा सापट तथा बिल खरिद | २७६,४०५ | ३००,९१७ | ९% | |
| स्थिर सम्पत्ति | ६,२३९ | ५,०३८ | -१९% | अपेक्षित शाखा विस्तार नभएकोले थप स्थीर सम्पत्ति आवश्यक नदेखिएकोले |
| गैर बैंकिङ्ग सम्पत्ति | - | - | | |
| अन्य सम्पत्ति | १,२३७ | १,६२१ | ३१% | |
| **जम्मा सम्पत्ति** | **३१६,४९१** | **३३१,९१४** | **५%** | |

| विवरण | प्रक्षेपित (रु.हजारमा) २०७४/७५ | वास्तविक (रु.हजारमा) २०७४/७५ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| व्याज आम्दानी | ३४,७२६ | ४५,७६३ | ३२% | |
| व्याज खर्च | १८,३१४ | २५,२०७ | ३८% | |
| **खुद व्याज आम्दानी** | **१६,४१२** | **२०,५५६** | **२५%** | |
| कमिशन तथा डिस्काउण्ट | ११२ | – | -१००% | |
| अन्य सञ्चालन आम्दानी | ७,३०५ | ८,२२० | १३% | |
| सटही घटबढ आम्दानी | – | – | | |
| **कुल सञ्चालन आम्दानी** | **२३,८२९** | **२८,७७६** | **२१%** | |
| कर्मचारी खर्च | १०,८७१ | ११,७३३ | ८% | |
| अन्य सञ्चालन खर्च | ४,८२७ | ६,५५७ | ३६% | |
| सटही घटबढ नोक्सान | – | – | | |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **८,१३०** | **१०,४८५** | **२९%** | |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | १,१०२ | २०,९१८ | १७९८% | सम्भावित नोक्सानी व्यवस्था ग्रसमा देखाएको |
| **सञ्चालन मुनाफा** | **७,०२८** | **(१०,४३३)** | **-२४८%** | **सम्भावित नोक्सानी व्यवस्थामा भएको परिवर्तन** |
| गैर सञ्चालन आम्दानी/नोक्सान | – | – | | |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ५,३६९ | १६,८४९ | २१४% | |
| **नियमित कारोवारबाट भएको मुनाफा/खर्च** | **१२,३९७** | **६,४१६** | **-४८%** | |
| असमान्य कारोवारबाट भएको मुनाफा/खर्च | – | – | | |
| **सम्भावित नोक्सानी व्यवस्था पछिको खुद मुनाफा** | **१२,३९७** | **६,४१६** | **-४८%** | **सम्भावित नोक्सानी व्यवस्थामा भएको परिवर्तन** |
| कर्मचारी बोनस व्यवस्था | १,१२७ | ५८३ | -४८% | अपेक्षित अनुसारको नाफा हासिल गर्न नसकिएकोले |
| आयकर व्यवस्था | ३,३८१ | १,७७७ | -४७% | |
| यस वर्षको | ३,३८१ | १,८१६ | -४६% | |
| गत वर्षको | – | २५ | | |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | – | (६३) | | |
| **खुद नाफा/ नोक्सान** | **७,८८९** | **४,०५५** | **-४९%** | **सम्भावित नोक्सानी व्यवस्था तथा कुल सञ्चालन खर्चमा भएको वृद्धिको कारणले** |

| विवरण | प्रक्षेपित (रु.हजारमा) २०७४/७५ | वास्तविक (रु.हजारमा) २०७४/७५ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| **आम्दानी:** | | | | |
| गत वर्षसम्मको संचित मुनाफा | १५५ | – | -१००% | |
| यस वर्षको मुनाफा | ७,८८९ | ४,०५५ | -४९% | |
| सटही घटवढ कोष | – | – | | |
| **जम्मा** | **८,०४४** | **४,०५५** | **-५०%** | |
| **खर्च:** | | | | |
| गत वर्षसम्मको संचित नोक्सान | – | – | | |
| यस वर्षको नोक्सान | – | – | | |
| साधरण जगेडा कोष | १,६०९ | ८११ | -५०% | |
| भैपरी आउने जगेडा (पर सारेको कर) | – | – | | |
| संस्था विकास कोष | – | – | | |
| लाभांश समीकरण कोष | – | – | | |
| कर्मचारी सम्बन्धी जगेडाहरु | – | – | | |
| प्रस्तावित लाभांश | – | ३,१२० | | |
| प्रस्तावित बोनस शेयर जारी | – | – | | |
| विशेष जगेडा कोष | – | – | | |
| सटही घटबढ कोष | – | – | | |
| पूँजी फिर्ता जगेडा कोष | – | – | | |
| पूँजी समायोजन कोष | – | – | | |
| अन्य (स्थगन कर जगेडा) | – | – | | |
| लगानी समायोजन कोष | – | – | | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | – | ४१ | | |
| ग्राहक संरक्षण कोष | – | ४१ | | |
| कर्मचारीको दक्षता अभिवृद्धि कोष | – | १२ | | |
| **जम्मा** | **१,६०९** | **४,०२४** | **१५०%** | |
| संचित मुनाफा/(नोक्सान) | ६,४३५ | ३१ | -१००% | लाभांश प्रस्ताव गरिएकोले |

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु.हजारमा) २०७५/७६ | वास्तविक (रु.हजारमा) २०७५/७६ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| शेयर पूँजी | ६०,००० | ६१,५०० | ३% | |
| जगेडा तथा कोषहरु | २२,६१२ | ११,६८५ | -४८% | अपेक्षित अनुसारको नाफा हासिल नभएकोले जगेडा कोषमा असर गरेको |
| ऋणपत्र तथा बण्ड | - | - | | |
| तिर्न बाँकी कर्जा सापट | २३९,६७८ | २८७,१३२ | २०% | |
| निक्षेप दायित्व | ५८,८४७ | ७३,१६९ | २४% | |
| भुक्तानी दिनपर्ने विलहरु | - | - | | |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | ७५ | | |
| आयकर दायित्व | - | ६४४ | | |
| अन्य दायित्व | ५,९११ | ४,८१९ | -१८% | अन्य दायित्व घटेको कारण |
| **जम्मा पूँजी तथा दायित्व** | ३८७,०४८ | ४३९,०२४ | १३% | |
| **सम्पत्ति** | **प्रक्षेपित (रु.हजारमा) २०७५/७६** | **वास्तविक (रु.हजारमा) २०७५/७६** | **फरक प्रतिशतमा** | **कैफियत** |
| नगद मौज्दात | ९३८ | २,२४७ | १४०% | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ३२,८५७ | ११,८९७ | -६४% | ने.रा.बैंकको अधिनमा रही आवश्यकता बमोजिम कायम गरिएको |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | २२,२६२ | | |
| लगानी | - | - | | |
| कर्जा सापट तथा बिल खरिद | ३४५,३८१ | ३९४,२८४ | १४% | |
| स्थिर सम्पत्ति | ६,५५१ | ६,५७८ | ०% | |
| गैर बैंकिङ्ग सम्पत्ति | - | - | | |
| अन्य सम्पत्ति | १,३२१ | १,७५५ | ३३% | |
| जम्मा सम्पत्ति | ३८७,०४८ | ४३९,०२४ | १३% | |

| विवरण | प्रक्षेपित (रु.हजारमा) २०७५र७६ | वास्तविक (रु.हजारमा) २०७५र७६ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| व्याज आम्दानी | ४६,७०५ | ५८,२९२ | २५% | |
| व्याज खर्च | १८,१५४ | ३४,२३३ | ८९% | |
| खुद व्याज आम्दानी | २८,५५१ | २४,०५९ | -१६% | व्याज खर्चमा अनपेक्षित वृद्धि भएको |
| कमिशन तथा डिस्काउण्ट | १२३ | | -१००% | |
| अन्य सञ्चालन आम्दानी | ८,०३६ | ९,३८६ | १७% | |
| सटही घटबढ आम्दानी | - | | ०% | |
| कुल सञ्चालन आम्दानी | ३६,७१० | ३३,४४५ | -९% | |
| कर्मचारी खर्च | १५,२२० | १५,५४६ | २% | |
| अन्य सञ्चालन खर्च | ५,०६९ | १०,३६० | १०४% | |
| सटही घटबढ नोक्सान | - | | | |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | १६,४२१ | ७,५३९ | -५४% | |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ८२० | १९,७३९ | २३०७% | सम्भावित नोक्सानी व्यवस्था ग्रसमा देखाएको |
| सञ्चालन मुनाफा | १५,६०१ | (१२,२०१) | -१७८% | सम्भावित नोक्सानी व्यवस्था मा भएको परिवर्तन |
| गैर सञ्चालन आम्दानी/नोक्सान | - | | | |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ५,६३८ | १६,५८३ | १९४% | सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता ग्रसमा देखाएको |
| नियमित कारोवारबाट भएको मुनाफा/खर्च | २१,२३९ | ४,३८३ | -७९% | |
| असमान्य कारोवारबाट भएको मुनाफा/खर्च | - | | | |
| सम्भावित नोक्सानी व्यवस्था पछिको खुद मुनाफा | २१,२३९ | ४,३८३ | -७९% | |
| कर्मचारी बोनस व्यवस्था | १,९३१ | ४३८ | -७७% | |
| आयकर व्यवस्था | ५,७९२ | १,२५९ | -७८% | |
| यस वर्षको | ५,७९२ | १,४६१ | -७५% | |
| गत वर्षको | - | - | | |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - | (२०२) | | |
| खुद नाफा/ नोक्सान | १३,५१६ | २,६८५ | -८०% | व्याज खर्च तथा सञ्चालन खर्चमा अनपेक्षित वृद्धि भएको |

| विवरण | प्रक्षेपित (रु.हजारमा) २०७५/७६ | वास्तविक (रु.हजारमा) २०७५/७६ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| **आम्दानीः** | | | | |
| गत वर्षसम्मको संचित मुनाफा | ६,४३५ | ३४ | -९९% | अपेक्षित अनुसारको नाफा प्राप्त नभएकोले |
| यस वर्षको मुनाफा | १३,५१६ | २,६८५ | -८०% | ब्याज खर्च तथा सञ्चालन खर्चमा अनपेक्षित वृद्धि भएको |
| सटही घटवढ कोष | - | - | | |
| **जम्मा** | **१९,९५१** | **२,७१९** | **-८६%** | |
| **खर्चः** | | | | |
| गत वर्षसम्मको संचित नोक्सान | - | - | | |
| यस वर्षको नोक्सान | - | - | | |
| साधरण जगेडा कोष | ३,९९० | ५३७ | -८७% | अपेक्षित अनुसारको नाफा प्राप्त नभएकोले |
| भैपरी आउने जगेडा (पर सारेको कर) | - | - | | |
| संस्था विकास कोष | - | - | | |
| लाभांश समीकरण कोष | - | - | | |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - | - | | |
| प्रस्तावित लाभांश | - | ७५ | | |
| प्रस्तावित बोनस शेयर जारी | - | १,५०० | | |
| विशेष जगेडा कोष | - | - | | |
| सटही घटबढ कोष | - | - | | |
| पूँजी फिर्ता जगेडा कोष | - | - | | |
| पूँजी समायोजन कोष | - | - | | |
| अन्य (स्थगन कर जगेडा) | - | २७ | | |
| लगानी समायोजन कोष | - | २७ | | |
| संस्थागत सामाजीक उत्तरदायित्व कोष | - | - | | |
| ग्राहक संरक्षण कोष | - | ९५ | | |
| कर्मचारीको दक्षता अभिवृद्धि कोष | - | २०२ | | |
| **जम्मा** | **३,९९०** | **२,४६३** | **-३८%** | |
| संचित मुनाफा/(नोक्सान) | १५,९६० | २५६ | -९८% | अपेक्षित अनुसारको नाफा प्राप्त नभएकोले |

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु.हजारमा) २०७६/७७ | वास्तविक (रु.हजारमा) २०७६/७७ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| शेयर पूँजी | ६०,००० | ६१५०० | ३% | |
| जगेडा तथा कोषहरु | ३६,९१७ | १३,४१८ | -६४% | अपेक्षित अनुसारको नाफा हासिल नभएकोले जगेडा कोषमा असर गरेको |
| ऋणपत्र तथा बण्ड | - | - | | |
| तिर्न बाँकी कर्जा सापट | २८७,६१३ | ५६०,१३३ | ९५% | |
| निक्षेप दायित्व | ७०,६१७ | ९९,३९० | ४१% | |
| भुक्तानी दिनपर्ने विलहरु | - | - | | |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | | |
| आयकर दायित्व | - | - | | |
| अन्य दायित्व | ६,२०६ | ८,७३१ | ४१% | |
| **जम्मा पूँजी तथा दायित्व** | **४६१,३५४** | **७४३,१७३** | **६१%** | |

| सम्पत्ति | प्रक्षेपित (रु.हजारमा) २०७६/७७ | वास्तविक (रु.हजारमा) २०७६/७७ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| नगद मौज्दात | ९८६ | १,८०७ | ८३% | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ३७,७८६ | ८४,८१० | १२४% | ने.रा.बैंकको अधिनमा रही आवश्यकता बमोजिम कायम गरिएको |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | ३०,०४२ | | |
| लगानी | - | ८,५०० | | |
| कर्जा सापट तथा बिल खरिद | ४१४,३८४ | ६०९,८५१ | ४७% | |
| स्थिर सम्पत्ति | ६,८७८ | ५,८१५ | -१५% | थप शाखा विस्तार नभएकोले सम्पत्ति थप नगरिएको |
| गैर बैंकिङ्ग सम्पत्ति | - | - | | |
| अन्य सम्पत्ति | १,३१९ | २,३४९ | ७८% | |
| **जम्मा सम्पत्ति** | **४६१,३५४** | **७४३,१७३** | **६१%** | |

| विवरण | प्रक्षेपित (रु.हजारमा) २०७६/७७ | वास्तविक (रु.हजारमा) २०७६/७७ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| व्याज आम्दानी | ५९,६२७ | ८७,१६२ | ४६% | |
| व्याज खर्च | २२,३३९ | ५७,२२३ | १५६% | अन्य वित्तीय संस्थाहरुबाट प्राप्त कर्जा सापटमा भएको वृद्धि |
| **खुद व्याज आम्दानी** | **३७,२८८** | **२९,९३९** | **-२०%** | |
| कमिशन तथा डिस्काउण्ट | १३५ | | -१००% | |
| अन्य सञ्चालन आम्दानी | ८,४३७ | ११,४५१ | ३६% | |
| सटही घटबढ आम्दानी | - | | | |
| **कुल सञ्चालन आम्दानी** | **४५,८६१** | **४१,३९०** | **-१०%** | |
| कर्मचारी खर्च | १९,७८६ | २०,३०४ | ३% | |
| अन्य सञ्चालन खर्च | ५,५७६ | १३,२५० | १३८% | शाखा विस्तार सँगै सञ्चालन खर्चमा भएको वृद्धि |
| सटही घटबढ नोक्सान | - | | | |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **२०,४९९** | **७,८३५** | **-६२%** | **ब्याज खर्च तथा कूल सञ्चालन खर्चमा भएको वृद्धि** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ८३८ | ३३,४७७ | ३८९५% | सम्भावित नोक्सानी व्यवस्था ग्रसमा देखाएको |
| **सञ्चालन मुनाफा** | **१९,६६१** | **(२५,६४२)** | **-२३०%** | **ब्याज खर्च तथा कूल सञ्चालन खर्चमा भएको वृद्धि** |
| गैर सञ्चालन आम्दानी/नोक्सान | - | | | |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २,८१९ | २८,९७१ | ९२८% | सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता ग्रसमा देखाएको |
| **नियमित कारोवारबाट भएको मुनाफा/खर्च** | **२२,४८०** | **३,३२९** | **-८५%** | |
| असमान्य कारोवारबाट भएको मुनाफा/खर्च | - | | | |
| **सम्भावित नोक्सानी व्यवस्था पछिको खुद मुनाफा** | **२२,४८०** | **३,३२९** | **-८५%** | |
| कर्मचारी बोनस व्यवस्था | २,०४४ | ३३३ | -८४% | |
| आयकर व्यवस्था | ६,१३१ | ९५१ | -८४% | |
| यस वर्षको | ६,१३१ | ६३३ | -९०% | |
| गत वर्षको | - | १६० | | |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - | १५९ | | |
| **खुद नाफा/ नोक्सान** | **१४,३०५** | **२,०४४** | **-८६%** | **ब्याज खर्च तथा सञ्चालन खर्चमा अनपेक्षित वृद्धि भएको** |

| विवरण | प्रक्षेपित (रु.हजारमा) २०७६र७७ | वास्तविक (रु.हजारमा) २०७६र७७ | फरक प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| **आम्दानीः** | | | | |
| गत वर्षसम्मको संचित मुनाफा | १५,९६० | २५६ | -९८% | अपेक्षित अनुसारको नाफा हासिल नभएकोले |
| यस वर्षको मुनाफा | १४,३०५ | २,०४४ | -८६% | |
| सटही घटवढ कोष | - | - | | |
| **जम्मा** | **३०,२६६** | **२,३०१** | **-९२%** | |
| **खर्चः** | | | | |
| गत वर्षसम्मको संचित नोक्सान | - | - | | |
| यस वर्षको नोक्सान | - | - | | |
| साधरण जगेडा कोष | ६,०५३ | ४०९ | -९३% | |
| भैपरी आउने जगेडा (पर सारेको कर) | - | - | - | |
| संस्था विकास कोष | - | - | - | |
| लाभांश समीकरण कोष | - | - | - | |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - | - | - | |
| प्रस्तावित लाभांश | - | - | - | |
| प्रस्तावित बोनस शेयर जारी | - | - | - | |
| विशेष जगेडा कोष | - | - | - | |
| सटही घटबढ कोष | - | - | - | |
| पूँजी फिर्ता जगेडा कोष | - | - | - | |
| पूँजी समायोजन कोष | - | - | - | |
| अन्य (स्थगन कर जगेडा) | - | (१५९) | - | |
| लगानी समायोजन कोष | - | - | - | |
| संस्थागत सामाजीक उत्तरदायित्व कोष | - | - | - | |
| ग्राहक संरक्षण कोष | - | २० | - | |
| कर्मचारीको दक्षता अभिवृद्धि कोष | - | | - | |
| **जम्मा** | **६,०५३** | **२९१** | **-९५%** | |
| संचित मुनाफा/(नोक्सान) | २४,२१३ | २,०१० | -९२% | अपेक्षित अनुसारको नाफा प्राप्त नभएकोले |

यस थप सार्वजनिक निष्काशन भन्दा अघि संस्थाले प्राथमिक शेयर निष्काशन गरेको र सो प्रयोजनको लागि विवरणपत्र तयार गर्दा उल्ललेख गरिएको लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सफल भएको छ।

## ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :

**क. लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञआदिको नाम तथा ठेगाना**

**(अ) लेखापरीक्षकः**

वित्तीय संस्थाको आ.व.२०७७/०७८ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण एन.के.जोशी एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट, आ.व.२०७८/०७९ तथा आ.व.२०७९/०८० को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण नरहरि अर्याल एण्ड एसोसिएटस्का चार्टर्ड एकाउन्टेन्ट, र आ.व.२०८०/०८१ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण के.जे एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्टले गर्नुभएको छ ।

**(आ) निष्काशन बैंक** (Bankers to the Issue)ः

यस निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं | बैंकको नाम | खाताको नाम | खाता नं |
|---|---|---|---|
| १ | नेपाल एसबिआई बैंक लिमिटेड, दरबारमार्ग | NSMBL-Wean-FPO-2080-81 | १७७३५२४०१००१७० |

साथै, आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ (तीन) दिन भित्र वोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**(इ) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञः**

यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा वित्तीय संस्था आफैं रहेको छ ।

**(ई) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने एम.टि एण्ड एसोशिएट्सका चार्टर्ड एकाउन्टेन्ट रहनु भएको छ ।

**ख. माथि खण्ड क. मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरुः**

**(अ) लेखापरीक्षकः** सो नभएको ।

**(आ) निष्काशन बैंक** (Bankers to the Issue)ः सो नभएको ।

## ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः

सो नभएको ।

## ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

क. **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः** सो नभएको ।

ख. **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः** सो नभएको ।

ग. **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरणः** सो नभएको ।

घ. **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणः** सो नभएको ।

## ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा तहाँ सम्पर्क गर्न सकिनेछ । कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धित बिषयमा कुनै गुनासो वा सुझावका लागी अनुपालना अधिकृत श्री आलोक सिवाकोटीलाई निजकै कार्यालयमा वा निजलाई कार्यालय समयभित्र ०१-४५१२७४३ (एक्स. ११७) मा सम्पर्क गर्न सकिनेछ ।

## ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरणः

सो नभएको ।

## ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरणः

हालसम्म वित्तीय संस्थाले ऋणपत्र निष्काशन गरेको छैन र यो विवरणपत्र थप सार्वजनिक निष्काशन को लागि मात्र हो ।

## ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्थाः

अग्राधिकार शेयर जारी गरिएको छैन ।

## ग.२२. अन्य सामान्य जानकारीः

**क. विशेषज्ञको कुनै राय भएमा, सो को विवरणः** सो नभएको ।

**ख. गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारणः**

सञ्चालक परिवर्तन भएको कारण केही सञ्चालकले राजिनामा दिनुभएको, केही संचालकहरुको कार्यअवधि सकिएर साधारण सभावाट निर्वाचन भै नियुक्ती हुनभएको र मर्जर तथा प्राप्तीको कारणले पनी केही सञ्चालकहरु परिवर्तन हुनुभएको छ ।

| क्र.सं | नाम | आ.व. | परिवर्तन भएको कारण |
|---|---|---|---|
| १. | श्री रमादेवी श्रेष्ठ | २०७७/०७८ | संस्था मर्जर भएकोले थप भएको |
| २. | श्री राजु के.सी | २०७७/०७८ | सर्वसाधारण समुहबाट थप |
| ३. | श्री पवनराज मास्के | २०८१/०८२ | पदावधी समाप्त भएको |

**गत तीन आर्थिक वर्षमा लेखापरीक्षकमा भएको परिवर्तन र सोका कारणहरु :** सो नभएको ।

| क्र.सं | नाम | आ.व. | परिवर्तन भएको कारण |
|---|---|---|---|
| १. | एन.के.जोशी एण्ड कम्पनी | २०७७/०७८ | पदावधी समाप्त भएको |
| २. | नरहरि अर्याल एण्ड एसोसिएटस् | २०७८/०७९ | साधारण सभाबाट निर्णय बमोजिम |
| ३. | के.जे एण्ड एसोसिएट्स | २०८०/०८१ | साधारण सभाबाट निर्णय बमोजिम |

**ग. कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

राजापुर ६ बर्दिया स्थायी निवासी मानविकी संकाय अन्तर्गत अर्थशास्त्रमा स्नातकोत्तर सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएका श्री जिवन खनाल यस वित्तीय संस्थाको कम्पनी सचिव तथा प्रमुख कार्यकारीको रुपमा कार्यरत हुनुहुन्छ ।

**घ. थप सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरणः**

यस वित्तीय संस्थाको मिति २०७९/०७/२३ गते बसेको सञ्चालक समितिको ५/०७९/०८० औं बैठकको निर्णय उतार "प्रस्ताव नं. ३ उपर छलफल हुँदा यस संस्थाको शेयर पुँजीको संरचना नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था बमोजिम संस्थापक शेयरधनीको ७०% र सर्वसाधारणको ३०% पुऱ्याउन एफपिओ जारी गर्नु पर्ने भएको सम्बन्धमा मिति २०७९/०६/१४ गते बसेको सञ्चालक समितिको ४/०७९/०८० को बैठकबाट यस सम्बन्धमा निरन्तर अध्ययन गरी पेश गर्न निर्देशन भए बमोजिम विभिन्न क्यापिटल मार्केटहरुबाट पेश हुन आएको बोलकबोल बमोजिम सवैभन्दा कम रकम कबोल गर्ने नेपाल एसबिआई मर्चेण्ट बैंक लि. लाई Issue Manager नियुक्त गर्ने निर्णय गरियो ।"

**ङ. संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः** सो नभएको ।

**च. सङ्गठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ ।

(क) वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रे जिल्ला बनेपा -१३, काभ्रेपलाञ्चोक ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक- नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौं ।

**छ. बोनस शेयर सम्बन्धी व्यवस्थाः**

प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुराः** नगरिएको ।

**(झ) वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**

लघुवित्त वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने लघुवित्त वित्तीय संस्थाको उद्घोषण रहेको छ । साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७९/०८० सम्मका विवरणहरु पेश गरेको हुनाले उक्त आर्थक वर्ष सम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ र सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको २०८१/०१/१७ को पत्रबाट प्राप्त भएको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्थाः**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तिय संस्थाहरुका देश भरी रहेका तोकिएका शाखा कार्यलयहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ ।

**(ट) विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरणः**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रवन्धक : नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथ मार्ग, ठमेल, काठमाडौं रहेको छ ।

**(ठ) सकारात्मक पक्षहरु:**

- आर्थिक, राजनीतिक र प्रतिष्पर्धी बैंकिङ्ग व्यवसाय सुहाउँदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।
- हालको कार्यक्षेत्र तथा जनसमुदायमा वित्तीय संस्थाको राम्रो छवी निर्माण भएको ।
- नीतिगत पारदर्शिता तथा छिटो, छरितो सेवा एवम् निर्णय दिने वातावरण ।
- वित्तीय संस्थाको सञ्चालक समिति तथा उच्च व्यवस्थापन अर्न्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानिय स्तरको ज्ञान तथा अनुभव प्राप्त।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था:**

यस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर रजिष्ट्रारको रुपमा एनएमबि क्यापिटल लिमिटेडले गर्दै आएको छ ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि:**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको थप सार्वजनिक निष्काशनको लागि आवेदन दिने अवधि अधिकतम १५ दिनको हुनेछ । आवश्यकता भन्दा बढी थप साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत उक्त अवधि अगावै साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कम्तीमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन ।

**(ण) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लि.बाट इस्युर रेटिङ्ग गराई सो को रेटिङ्ग मिति २०२५ मार्च २१ गते [CARE-NP B (IS) {single B (Issuer)}" प्रमाणपत्र प्राप्त गरेको छ । जसले समयमै कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा बढि जोखिम रहेको (High risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैद्यता मिति २०२६ मार्च ०६ तारिख सम्म रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ। "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरुलाई जनाउँदछ। दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँदछ ।

## ग.२३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत:

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने वित्तीय संस्थाको सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मदनगोपाल श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री कुमार राज जोशी | सञ्चालक | |
| ३. | श्री सुकुमान डंगोल | सञ्चालक | |
| ४. | श्री रमादेवी श्रेष्ठ | सञ्चालक | |
| ५. | श्री एन्जिला न्यौपाने | सञ्चालक | |
| ६. | श्री राजु के.सी. | सञ्चालक | |

## ग.२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि.

NEPAL SBI MERCHANT BANKING LTD.

(A wholly owned Subsidiary of Nepal SBI Bank Ltd.)

CORPORATE OFFICE: LEKHNATH MARG, THAMEL, KATHMANDU, NEPAL

मिति : २०८१/०९/२३

पत्र संख्या.: एनएसएमबिएल/सिओ/२०८१-८२/११३४

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महाशय,

उपरोक्त सम्बन्धमा बनेपा वडा नं. १३, काभ्रेपलान्चोकमा रजिष्टर्ड कार्यालय रहेको विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले प्रति साधारण शेयर अङ्कित मूल्य रु. १००/- (अक्षरेपी एकसय रुपैया मात्र) दरको ५१,२९२.५ कित्ता शेयर थप सार्वजनिक निष्काशन (FPO) मार्फत सर्वसाधारणमा निष्काशन गर्नका लागि निष्काशन तथा विक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । सर्वसाधारणलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा विक्री प्रवन्ध सम्बन्धमा धितोपत्र ऐन २०६३ वा यस ऐन अन्तर्गत बनेका नियम, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण गर्दछौं

४. विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

५. विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको निष्काशन गर्न लागेको थप साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

६. हामीले तहाँ बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक:
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट

.........................
लेखनाथ पोखेल
प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत

• Issue and Sales Management • Securities Underwriting • Share Registrar • Portfolio Management • Corporate Advisory
Phone: 01-4512743, 4541780, 4535671 | Email ID: info@nsmbl.com.np, sharedpt@nsbl.com.np | Web: www.nsmbl.com.np
Link: https://www.facebook.com/nsmblofficial

16434

**M.T. & Associates**
**Chartered Accountants**
ICAN Regd. No.: 1077

Dillibazar-29, Kathmandu
**Tel:** 9840077732
**Email:** camadhav2020@gmail.com

**Report on Interim Financial Information to the Management Wean Nepal Laghubitta Bittiya Sanstha Limited**

*Introduction*

We have reviewed the accompanying statement of financial position of **Wean Nepal Laghubitta Bittiya Sanstha Limited** ('the company') as on Poush 29, 2081 and the related statements of profit or loss and other comprehensive income , changes in equity and cash flows for the nine month period ended then ended. Management is responsible for the preparation and presentation of this interim financial information in accordance with Nepal Financial Reporting Standards. Our responsibility is to express a conclusion on this interim financial information based on our review.

*Scope of Review*

We conducted our review in accordance with Nepal Standards on Review Engagements 2410, *Review of Interim Financial Information Performed by the Independent Auditor of the Entity*. A review of interim financial information consists of making inquiries, primarily of persons responsible for financial and accounting matters, and applying analytical and other review procedures. A review is substantially less in scope than an audit conducted in accordance with Nepal Standards on Auditing and consequently does not enable us to obtain assurance that we would become aware of all significant matters that might be identified in an audit. Accordingly, we do not express an audit opinion.

*Conclusion*

Based on our review, nothing has come to our attention that causes us to believe that the accompanying financial information is not prepared in all materials respects, in accordance with Nepal Financial Reporting standards.

CA Madhav Thapa
Proprietor
M.T. & Associates
Chartered Accountants
UDIN: 250307CA01778ta7Z6
Date: March 7,2025
Address: Kathmandu, Nepal

M.T. & Associates Kathmandu Chartered Accountants

**K.J . & ASSOCIATES**
Chartered Accountants
Pulchowk, Lalitpur

**विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको**
**स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन**

**वित्तीय विवरण माथि लेखापरिक्षकको राय**

हामीले **श्री विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको** लेखापरीक्षण सम्पन्न गरेका छौं जसमा असाढ ३१, २०८१ को वासलात सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब, नगदप्रवाह विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण र प्रमूख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण समावेश रहेका छन् र वित्तीय विवरणहरु व्यवस्थापनले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरेको छ ।

प्रतिदावी रायको आधारमा हरफमा उल्लेखित कूराहरुको महत्वले, हामीले प्रस्तुत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनूरुप तयार भएको बारेमा राय व्यक्त गर्नका लागि पर्याप्त र उपयुक्त आधार आधार प्राप्त गर्न सकेनौं ।

**प्रतिदावी राय**

प्रतिदावी रायको आधारमा हरफमा उल्लेखित कूराहरुको महत्व र परिवर्तित प्रतिवेदन मानहरु (NFRS) पहिलो पटक ग्रहण गर्दा चाहिने वित्तीय सूचनाको पूर्नलेखन र थप खुलासा यस लघुवित्तमा पालना नगरिएकोले यसबाट पर्न सक्ने एकीकृत असरको बारेमा लेखापरीक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकाले, हामी यस संस्थाको आ.व. २०८०/८१ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तुत गर्दैनौ ।

**प्रतिदावी रायको आधार**

वित्तीय संस्थाहरुमा वित्तीय सम्प्रेषण खाका १६ जुलाई २०१६ देखि प्रभावकारी रुपमा लागू भएको छ । नेपाल लेखामान नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) मा परिर्वतन भएका तर यस वित्तीय संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित प्रतिवेदन मानहरु (NFRS) बमोजिम तयार नगरेको साथै नयाँ लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुती र खुलासा पनि गरेको पाईएन ।

उल्लेखित परिवर्तित प्रतिवेदन मानहरु अनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा सम्प्रेषण नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुनसक्छ ।

**वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जूमा गर्ने कार्य, कार्यान्वियन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागु गर्ने एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्वन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थाको व्यवस्थापनमा रहेको छ ।

संस्थाको वित्तीय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था वहन गर्ने अख्तियारीमा (Those Charged with Governance) रहेको हुन्छ ।

K.J. & ASSOCIATES
Chartered Accountants
Lalitpur, Nepal

01-5010510/512
info@cajsr.com
www.kjassociates.com.np

**वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरिक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरिक्षणमान अनुसार लेखापरिक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र ती त्रुटीहरुको भौतिकता मापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भर पर्दछ ।

**लेखापरिक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु :**

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिंदा हामीले व्यवसायिक क्षमता प्रयोग गरेको छौं । वित्तीय विवरणहरु जालसाजी या भूलबाट हुनसक्ने भौतिक सारभूत त्रुटीहरुको पहिचान र जोखिमको मूल्याङ्कन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरु अवलम्बन गरेका छौं ।
- भूलबाट हुने त्रुटीभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता लगाउने जोखिम अधिक हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई निकाय सुहाउँदो लेखापरीक्षण प्रकृया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौं ।
- व्यवस्थापनले तयार गरेका लेखा नीति, लेखा अनुमान एवम् वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको निष्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्याङ्कन गरेका छौं । मूल्याङ्कन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न नसकिने हुनाले आउँदा दिनहरुमा अविछिन्नता रहने कुराको आश्वाशन दिन सकिदैन ।
- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सवै सम्बन्धहरु र अन्य विवरणहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्ने विवरणहरुलाई निराकरण गर्ने उपायहरु शसकीय व्यवस्था वहन गर्ने अख्तियारीलाई सूचित गराएका छौं ।
- वित्तीय विवरणहरुको समग्र ढाँचा लेखा नीति एवम् टिप्पणीहरुको उचित प्रस्तुति रहेको छ ।
- प्रतिदावी रायको हरफको आधारमा यस संस्थाको आ.व. २०८०/८१ को वित्तीय विवरणहरुमा हाम्रो राय प्रस्तुत गरेका छेनौं ।

**अन्य कानुनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

(ख) संस्थाको लेखा दोहोरो लेखा प्रणालीमा आधारित भएतापनि कम्पनी ऐनले तोके बमोजिम संस्थाको कोरोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरि प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान (NFRS) बमोजिम लेखा राखेको पाइएन ।

(ग) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित असाढ ३१, २०८१ को संस्थाको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण, नगद प्रवाह विवरण, लेखा सम्बन्धी विवरण र संलग्न अनुसूचीहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाब किताब बहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

(घ) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संस्थाले व्याज आम्दानीको लेखाङ्कन गरेको छ ।

(ङ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरु एवम् संस्थाको खाताहरुको परिक्षण गर्दा संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित

... J. & ASSOCIATES Chartered Accountants Lalitpur, Nepal

कानून विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

(च) संस्थाले गरेको कार्य आफ्नो कार्य क्षेत्र भित्र रहेको पाइयो ।

(छ) हाम्रो रायमा हामीले लेखापरिक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पूँजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था रहेको छ ।

(ज) संस्थाले आ.व. २०८०।८१ मा कर्जा अपलेखन गरेको छैन ।

(झ) संस्थाले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

(ञ) संस्थाले लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको दखिएन ।

(ट) संस्थाको पुर्व कर्मचारी दिपक राईले रु. ७९,१८,३१२ संस्थाको रकम हिनामिना गरि अपचलन गरेकोमा सो रकम निजसँग असुल उपर गर्नु पर्ने भनि आ.व. २०७८/७९ मा लेखाङकन गरि आवश्यक व्यवस्था गरिसकिएको छ । रु. ३०,७८,८२७/- बराबरको थप कर्जा नोक्सानी व्यवस्था शाखा कार्यालयहरु भैसेपाटी र भुम्लुटारमा कर्मचारीबाट कर्जा हिनामिना सम्बन्धमा गरिएको छ । । यस बाहेक संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, संस्थाको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

K.J. & ASSOCIATES Chartered Accountants Lalitpur, Nepal

सिजन बोहरा,.सि.ए.
साझेदार
के.जे. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

पे.प्र.नं.: ११६०

मिति : २०८१/०८/२०
स्थान : ललितपूर, नेपाल

UDIN: 241205CA016773MmtV